वैठक संख्या -१०                                        मिति २०७३/०८/२२ गते विहान ७:०० वजे

आज मिति २०७३/०८ /२२ गते बुधवार वारवारका दिन धरान उपमहानगरपालिका कार्य संचालन समितिको वैठक बसी तपसिलका निर्णयहरु गरियो ।

उपस्थिति

श्री बिष्णुप्रसाद कोइराला - कार्यकारी अधिकृत एवं प्रमुख - धरान उपमहानगरपालिका कार्यालय

आमन्त्रित उपस्थिति रेकर्ड

| | |
|---|---|
| श्री गणेशप्रसाद खतिवडा | वरिष्ठ प्रशासकिय अधिकृत |
| श्री खगेन्द्रप्रसाद खतिवडा | वरिष्ठ कर अधिकृत |
| श्री सूरज श्रेष्ठ | वरिष्ठ इन्जिनियर |
| श्री रमेश शाह | वरिष्ठ आन्तरिक लेखा परिक्षण अधिकृत |
| श्री भेषराज अधिकारी | वरिष्ठ लेखा अधिकृत |
| श्री सूनील नेपाल | सामाजिक विकास अधिकृत |

निर्णयहरु

निर्णय नं १ (एक) : <u>नगरपरिषद२०७४/०७५कालागि वडाभेला सम्वन्धमा</u> ।

नगरपालिकाको न्युनतम शर्त तथा कार्य सम्पादन मापन कार्याविधि (परिमार्जन र संशोधन ) २०६६, वमोजिमको न्युनतम शर्तको सुचक नं१ मा निर्देशित ब्यबस्था अनुसार यस उपमहानगरपालिका कार्यालयको आ. व.२०७४/०७५को वार्षिक नगर योजना सम्पन्न गर्न यस क्षेत्रका सम्पुर्ण वडा स्तरमा नगर योजना तर्जुमा कार्यकालागि वडावासीहरुको भेला गराउने र त्यसकालागि समय, स्थान र मिति खुलेको तालिकालाई स्थानीय पत्रपत्रिकामा प्रकाशन गर्ने साथै विघुतीय माध्यममा प्रसारण गरी वडाभेलामा सहभागी हुन सम्पुर्ण नगरवासीहरुलाई जानकारी गराउने।वडावाट प्राथमिकताका आधारमा छनौट भएका योजना तथा कार्यक्रमहरुलाई नगर स्तरीय एकिकृत योजना तर्जुमा समितिको बैठकमा पेशगरी उक्त बैठकवाट सिफारिस भएका नीति तथा कार्यक्रमहरु नगर परिषदमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं २ ( दुई ) : <u>नगर प्रोफाईल सम्वन्धमा</u> ।

यस उपमहानगर क्षेत्रको २०७३ मंसिर सम्मको अध्यावधिक गरिएको धरान उपमहानगर प्रोफाईल माथि छलफल गरियो ।नगर प्रोफाईलमा भएका थप नयाँ तथ्याङकको आधारमा आगामी नगर परिषदमा नीति तथा कार्यक्रम तर्जुमा गर्दा आबश्यक समन्वय तथा आधारमानी उपमहानगर पालिकाको योजना तर्जुमा गर्ने निर्णय गरियो ।

निर्णय नं ३ ( तीन ) : <u>नगर परिषद२०७४/०७५कालागि पुर्व योजना तर्जुमा गोष्ठि सम्वन्धमा</u> ।

यस कार्यालयको आ व २०७४/०७५को वार्षिक नगर परिषद तयारीक लागि यहि मिति २०७३/०८/२४ गते दिउसो १ वजे उघोग वाणिज्य संघको हलमा कार्यशाला गोष्ठि गरी योजना तर्जुमा कार्य प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

आजको वोर्ड वैठक विहान ९:३०वजे समापन गरियो ।

माईन्युटकर्ता : भक्तिराज शर्मा,सूचना अधिकृत,धरान उपमहा नगरपालिका